आज मिति २०७४ जेष्ठ १२ शुक्रबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा प्रथम बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| १३. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| १४. | मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| १५. | सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :-

१. भूकम्प पीडितहरुको सवालमा ।

२. वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।

३. नगरपालिका भित्रका सडकहरुको मापदण्ड र घर निर्माण सम्बन्धमा ।

४. फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

५. विविध विषयहरु सम्बन्धमा ।

निर्णयहरु :-

**निर्णय नं. १ : भूकम्प पीडितहरुको सवालमा :**

भूकम्प पीडितहरुको लागि हालसम्म प्राप्त भएको रकम अविलम्ब वितरण गर्ने र भूकम्प पीडितको लाभग्राहीको सूचिमा नपरेकाहरुको नामावली सम्बन्धित वडाबाट नगरपालिकामा पठाई नगरपालिकाबाट यथाशिघ्र पठाउने र यसरी पठाउदा भूकम्पबाट क्षतिग्रस्त भएका सार्वजनिक पाटी, पौवा, धार्मिक तथा ऐतिहासिक मठ-मन्दिर र सरकारी विद्यालयहरुको लगत समेत उपलब्ध गराउनको लागि अनुरोध गर्ने ।

**निर्णय नं. २ : वडा कार्यालय व्यवस्थापन सम्बन्धमा :**

तत्कालको लागि वडा कार्यालय व्यवस्थापन गर्न प्रत्येक वडा कार्यालयलाई पेश्की स्वरुप रू. ३०,०००।- (अक्षरुपी तिस हजार रूपैयाँ) मात्र उपलब्ध गराउने ।

**निर्णय नं. ३ : नगरपालिका भित्रका सडकहरुको मापदण्ड र घर निर्माण सम्बन्धमा :**

यस नगरपालिका भित्र सबै वडा अन्तर्गत रहेका सडकहरुको नामाकरण, लिस्टिङ र नम्बरिङ गरि उक्त सडकहरुको मापदण्डको पुनरावलोकन गर्नको लागि स्थलगत निरिक्षण गरि आवश्यक प्रकृयाको थालनी गर्ने र नयाँ बन्ने घरहरु अनिवार्य रुपमा नक्सापास गरेर मात्र निर्माण गर्नको लागि सूचना प्रकाशित गरि सबै नगरबासीलाई जानकारी गराउने । बनि सकेका घरहरुको हकमा नियमित/अभिलेखीकरण गर्नको लागि पनि सबै नगरबासीलाई जानकारी गराउने ।

**निर्णय नं. ४ : फोहोर मैला व्यवस्थापन सम्बन्धमा :**

हाललाई अस्थाई रुपमा यसै नगरपालिकाको वडा नं. ८ मा रहेको कटुवाल दह देखि २ कि.मी. तल रहेको खाली जग्गामा फोहोर मैलाको व्यवस्थापन गर्ने निर्णय गरियो । साथै यस नगरपालिकाको बजार क्षेत्र भित्र प्रत्येक दिन विहान सर-सफाई गर्नको लागि श्री दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको कार्यालयलाई त्यहाँ भएका कुचिकारलाई पठाई दिनको लागि समेत अनुरोध गर्ने ।